# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल


पत्र संख्या:- ०८३/०८४
चलानी नम्बर :-

मिति : २०८३/०४/१२
ने.सं. ११४६ दिल्लाथ्व चतुर्दशी

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/१२)

यस पालुङटार नगरपालिका अन्तर्गत विभिन्न शाखाहरुमा तपशिल बमोजिमको पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी पदपूर्तिका लागि निम्न् योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिन भित्र माग गरे बमोजिमको विवरण र राजश्व तिरेको सक्कलै रसिद सहित पालुङटार नगरपालिकामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| क.स. | विज्ञापन नं. | पद | तह | सेवा/समुह | सख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १-२०८३/०८४ | मेडिकल अधिकृत | आठौं | स्थानीय स्वास्थ्य | १ | नगरसभाबाट स्वीकृत O&M सर्भे अनुसार |
| २ | २-२०८३/०८४ | नापी अधिकृत | सातौं | स्थानीय इन्जिनियरीङ | १ | १९ औं नगर सभाबाट स्वीकृत भए बमोजिम |

१. दरखास्त दिने अन्तिम मितिः २०८३/०४/२६ गते कार्यालय समय भित्र
२. आवेदन दस्तुरः रु १०००।– (अक्षरुपी एक हजार रुपैया मात्र)
३. छनौटको किसिमः लिखित र अन्तरवार्ता
४. सेवा सूविधाः यस नगरपालिकाको नियमानुसार
५. आवेदनमा संलग्न गर्नुपर्ने कागजातः

**आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपिहरु**

i. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
ii. मेडिकल अधिकृत पदका लागि मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कम्तीमा एम.वी.वी.एस (MBBS) वा सो सरहको शैक्षिक योग्यता पुरा गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई दर्ता प्रमाणपत्र लिएको।
iii. नापी अधिकृत पदका लागि मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट जियोमेट्रिक्स विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको।
iv. दुई प्रति पासपोर्ट साइजको फोटो।

६. अनुभव भएकोलाई विशेष प्राथमिकता दिइनेछ।
७. उमेरः दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (पुरुषको हकमा) २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको (महिलाको हकमा)
८. सर्म्पक मिति : दरखास्त मिति सकिएपछि फोन मार्फत सम्पर्क गरिनेछ।

पुनश्च बिज्ञापन नं. १-२०८३/०८४ र २-२०८३/०८४ को दरबन्दीमा लोकसेवा आयोगबाट पदपूर्ति भई आएमा स्वतः करार सम्झौता भंग हुनेछ।

........................
श्रेष्ठ बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत


Website: www.palungtarmun.gov.np, E-mail: palungtarmun@gmail.com
टोल फ्रि नं. १६६०६४४२००१
फोन नं. ०६४-४०००५३, ४०००९२, ४०००१२